ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १२३
२३ माघ २०७९ सोमवार
5 Feb. 2023, Monday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## शिक्षकको माग गर्दै विद्यार्थी आन्दोलित



**खबर दर्पण समाचारदाता**

**माघ २२ गते, महेन्द्रनगर**
विद्यालयमा शिक्षक माग गर्दै धनुषाको बटेश्वर गाउँपालिकाका विद्यार्थी आन्दोलनमा उत्रिएका छन्।
साउन महिनादेखि शिक्षक अभावमा तीनवटा विषय पढाइ नभएको भन्दै वडा नम्बर १ स्थित लक्ष्मी माध्यामिक विद्यालयका विद्यार्थीले आन्दोलन सुरू गरेका हुन्।
वडा कार्यालय घेराउ गर्न पुगेका आन्दोलित विद्यार्थीले कार्यालयमा जनप्रतिनिधि नदेखेपछि आइतबार दिउँसो वडा कार्यालयमा तोडफोड गरेका छन्।
उनीहरूले स्थानीय जनप्रतिनिधिविरूद्ध नाराबाजी गर्दै वडा कार्यालय अगाडि सडक अवरुद्ध गरी केहीबेर टायर बालेर प्रदर्शन गरेका थिए।
प्रधानाध्यापक श्याम सिंहले आफू शिक्षक व्यवस्थापन गर्न नसक्ने जवाफ दिएपछि बाध्य भएर आन्दोलन गर्न आएको विद्यार्थीको भनाइ छ। उनीहरूले लामो समयदेखि वडाध्यक्ष र प्रधानाध्यापकसंग अंग्रेजी, समाजिक र विज्ञान विषयको शिक्षका माग गरिरहेका छन्।
तर राजनीतिक खिचातानीले विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्दा शिक्षक भर्ना हुन सकेको छैन। गाउँपालिकाले शिक्षक पठाएपनि विपक्षी दलका स्थानीय नेताले उनीहरूलाई पढाउन नदिएको वडाध्यक्ष अशोक महतोको भनाइ छ। एसइई परीक्षा हुन डेढ महिना मात्र बाँकी रहँदा पनि पढाइ नहुँदा बाध्य भएर आन्दोलन गर्नुपरेको विद्यार्थीको भनाइ छ।

## ठक्करबाट एक बालिकाको मृत्यु



महोत्तरी। महोत्तरीमा गाडीको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-३ महदैयाकी ४ वर्षीया अंशु कुमारी सहनी छन् ।
आइतबार लोहारपट्टीबाट जनकपुरधामतर्फ जाँदै गरेको बा १२ च ५९२४ नम्बरको गाडीको ठक्करबाट सडक पार गर्दै गरेकी बालिकाको घटनास्थलमै मृत्यु भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तोषकुमार पोखरेलले जानकारी दिए ।
बालिकाको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा र ाखिएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## धनुषाको नकटाझिजमा आजदेखि राष्ट्रिय महिला हक्की प्रतियोगिता सुरु



प्रतियोगिताबारे पत्रकार सम्मेलन गरेर जानकारी गराउँदै आयोजक

**खबर दर्पण समाचारदाता**

**माघ २२ गते, ढल्केवर**
धनुषाको मिथिला नगरपालिकामा यहि माघ २३ गते सोमबार (भोली) देखि पाँचौ संस्करणको सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता शुरु हुँदैछ ।
धनुषामै पहिलो पटक आयोजना भईरहेको राष्ट्रिय महिला हक्की प्रतियोगिता मिथिला नगर पालिकाको वडा नं. २ नक्टाझिजस्थित हिमालय युवा क्लवको खेल मैदानमा हुँदैछ ।
प्रतियोगिताको पूर्वसन्ध्याँमा मिथिला नगर पत्रकार संजाल ढल्केवरमा तयारी बारे आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्रतियोगिता माघ २८ गतेसम्म चल्ने बताएको छ ।
पत्रकार सम्मेलनमा मधेश प्रदेश हक्की टिमका संयोजक रवीन्द्र सिंहले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको बताउनुभयो । उहाँले हिमालय युवा क्लव नकटाझिजको खेल मैदानमा माघ २३ गते सोमबारदेखि शुरु भई माघ २८ गतेसम्म प्रतियोगिता चल्ने जानकारी दिनुभयो ।
मधेश प्रदेशको धनुषा जिल्लामा पहिलो पटक आयोजना भईरहेको राष्ट्रिय महिला हक्की प्रतियोगितामा नेपालका ६ वटा प्रदेश र एक विभागीय टोली (नेपाल आर्मी) गरी सात वटा महिला हक्की टिमको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी टिमलाई समूह ‘ए’ र ‘बि’ गरी दुई समूहमा विभाजन गरिएको छ ।
समूह ‘ए’ मा बागमती, सुदूर पश्चिम र गण्डकी प्रदेशको टिम रहेका छन् भने समूह ‘बी’ मा प्रदेश १, लुम्बिनी, मधेश र नेपाल आर्मीको टिम रहेका छन् । प्रतियोगिताको पहिलो दिन २३ गते सोमबार ( भोली) तीन वटा खेल हुने संयोजक सिंहले बताउनुभयो । खेल विहान ९ बजेदेखि शुरु हुने भएपनि प्रतियोगिताको उद्घाटन भने दिउँसो १ बजेतिर गरिने तयारी छ ।
महिला खेलाडीलाई प्रोत्साहन, खेलप्रति लगनशील तथा महिला सशक्तीकरणमा टेवा पुग्याउने उद्देश्यले राष्ट्रिय यो पाँचौं संस्करणको सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता मधेश प्रदेशको धनुषा जिल्लास्थित मिथिला नगरपालिकाका आयोजना गर्न सफल भएको राष्ट्रिय खेलकुद परिषद्का उप निर्देशक तथा तथा हक्की खेलका राष्ट्रिय प्रशिक्षक बाबुराम नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा जम्मा १३ वटा खेल हुने र प्रत्येक दिन खेलाडीहरुलाई म्यान अफि दि म्याचको पुरस्कार स्वरुप नगद २ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ ।
प्रतियोगितामा प्रथम हुने टिमलाई रु.७५ हजार, दोस्रो हुनेलाई रु.४० हजार र तेस्रो हुने टिमलाई रु.३० हजार नगद पुरस्कार र डमी शील प्रदान गरिने उहाँले बताउनुभयो । प्रतियोगितामा विभिन्न ५ वटा विधामा उत्कृष्ट हुने खेलाडीलाई पुरस्कार दिइने छ ।
खेलका लागि भारतको पटनाबाट समेत रेफ्रीहरु ल्याउनु परेको नेपाल हक्की संघका प्रतिनिधी समेत रहनुभएका प्रशिक्षक नेपालले जानकारी दिनुभयो । नेपाल हक्की संघ र मिथिला नगरपालिकाले संयुक्त रुपमा राष्ट्रिय महिला हक्की प्रतियोगिताको आयोजना गरेको छ ।

घर घरमा चर्पी निर्माण गरौं
खुल्ला दिशा मुक्त अभियानमा
सहभागी बनौं ।
आफ्नो आवासीय क्षेत्र
वरिपरि सधैं सफा राखौं
र सभ्य नागरिकको
परिचय दिऔं।
एकडारा गाउँपालिका कार्यालय
महोत्तरी

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
9748457490 / 9748457491
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
२४ औं घण्टा उपलब्ध सेवा
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# गाउँमा आएका सिंहदरबार सिर्जनशील हुन सकेन

स्थानीय तहमा भइरहेका सम्झौतामा प्रमुख प्रशासकीय अधिकृतले वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक कानुन पालना गर्नुका साथै स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकका सम्बन्धमा स्थानीय तहका सबै सरोकारवालालाई जानकारी गराई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने कर्तव्य तोक्ने गरिएको छ । यसका लागि निजले आर्थिक कारोबारमा पूर्णतः पारदर्शिता अवलम्बन गरी बेरुजु कायम नहुने गरी काम गर्नुपर्नेछ। यसैगरी कार्यसम्पादन करार सम्झौतामा स्थानीय तहलाई आवश्यक पर्ने ऐन, कानुन कार्यविधि निर्माण गरी विधेयक समितिसमक्ष पेस गर्ने जिम्मेवारी पनि प्रमुख प्रशासकीय अधिकृतलाई सुम्पिने गरेको पाइन्छ । यसका लागि निजले कानुनको मस्यौदा गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएका नमुना कानुनको अध्ययन गर्नुपर्छ । साथै अन्य स्थानीय तहले जारी गरेका कानुनको अध्ययनले पनि कार्यान्वयनयोग्य कानुन निर्माणमा सघाउनेछ ।

सामान्यतः कार्यसम्पादन करार सम्झौताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले आफूमातहत कर्मचारीलाई कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न व्यवस्थापन र प्रशासन तथा सूचना सञ्चार प्रविधिको क्षेत्रमा आवश्यक प्रशिक्षण दिलाउनुपर्छ। वडा तहका कर्मचारीलाई सरकार र जनताप्रति उत्तरदायी हुने गरी प्रशिक्षित गर्ने, प्रोत्साहन गर्ने र कार्यप्रगतिप्रति उत्तरदायी बनाउन प्रतत्नशील रहनुपर्छ । स्थानीय स्तरका तथ्याङ्कलाई अभिलेखीकरण र प्रमाणित गरी अद्यावधिक गराउनुपर्छ । स्थानीय तहका लागि राजस्व स्रोत पहिचान गर्ने तथा नगर वा गाउँ सभामा पेस भएबमोजिम शतप्रतिशत राजस्व सङ्कलन गर्नु/गराउनुपर्छ। विकास निर्माणका कार्यक्रम कार्यान्वयनमा कम्तीमा ८० प्रतिशत वित्तीय तथा भौतिक प्रगति हासिल गर्नुपर्छ । यसरी सिर्जनशील भई काम गर्दा नै आमजनताले यथार्थमै स्थानीय तहरूपी सिंहदरबार आफ्नै गाउँ सहरमा आएको अनुभूति गर्नेछन् ।

# गृह मन्त्रालय नपाएको झोंकमा सम्हालिन नसकेका रवि लामिछाने

**खबर दर्पण समाचारदाता**
**माघ २२ गते, काठमाडौं**

बसुन्धारास्थित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय कार्यालय छिर्ने बित्तिकै '३आयोरवि' लेखिएको बोर्ड देखिन्छ। त्यो बोर्डमा रास्वपा पार्टी सभापति रवि लामिछानेले नमस्कार गरेको पूर्ण कदको तस्वीर छ ।

आइतबार त्यही ह्यासट्याग 'आयोर वि' लेखिएको बोर्ड पार गर्दै लामिछाने पार्टी कार्यालय छिर्दा उनी सरकारबाट बाहिरिने निर्णय गर्न जाँदै थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर फर्किएका लामिछाने पार्टी कार्यालय छिर्दा समर्थक र कार्यकर्ताले 'आयो र विदाइ' नारा लगाएका थिए ।

१३ माघमा सर्वोच्च अदालतको फैसलासँगै सांसद, गृहमन्त्री तथा पार्टी सभापति पद गुमाएका लामिछानेले त्यसयता लगातार गृहमन्त्रीमा फर्किने कसरत गरेका थिए । पद पाउन बालुवाटारदेखि बालकोटसम्म परिक्रमा गरिरहेका लामिछानेले अनेक प्रयत्नका बाबजुद पनि गुमेको गृहमन्त्री पद फर्काउन सकेनन् । आइतबार बिहान प्रधानमन्त्री प्रचण्डलाई भेटेर गृहमन्त्रालय फर्काउने उनको अन्तिम कसरत असफल भएपछि उनी निराश भएर पार्टी कार्यालय बसुन्धारा फर्किएका थिए ।

लामिछानेले गृहमन्त्री नपाउने भएपछि त्यसको मूल्य रास्वपाका अरु मन्त्रीहरुले चुकाउनुपऱ्यो । रास्वपा केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारबाट बाहिरिने निर्णय गऱ्यो । घोषणापत्रमा गरेका वाचा गृहमन्त्रालयमार्फत पूरा गर्न सकिने भएकाले आफूले गृहमन्त्रालयमा बढ्ता जोड गरेको लामिछानेको प्रष्टीकरण थियो ।

सांसद पद गुमे पनि आफू गैर सांसद नभएको तर्क गरिरहेका लामिछानेले भने, 'म गैर सांसद होइन, प्रक्रियागत त्रुटिका कारणले सांसद गएको हो । अस्ति चुनाव जितेर आएको हुँ, यो लजिकले काम गर्ला कि भन्ने मेरो लोभ थियो, झिनो आश थियो ।'

सत्तारुढ दलहरुले १० पुसमा भएको राजनीतिक सहमति पूरा नगरेका कारण आफ्नो पार्टी सरकारबाट बाहिरिएको उनको दाबी थियो । रास्वपाको भागमा परेको गृहमन्त्रालय फेरि रास्वपालाई नफर्काएर आफूहरुमाथि राजनीतिक बेइमानी गरिएको लामिछानेको भनाइ थियो ।

नागरिकता विवादमा सांसद पद गुमेपछि चितवनवासीलाई आफ्नो कारणले दुःख भएको भन्दै माफी माग्न भ्याएका लामिछाने नागरिकताको विषय उठाउने सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तामाथि भने पूरै आक्रामक बने ।

नागरिकतामा प्रक्रिया पूरा नगरेर आफूले गल्ती गरेको बताइरहेका लामिछाने आफ्नै कुरा काट्दै रातारात आफूलाई अनागरिक बनाउने गरी अदालतमा मुद्दा अगाडि बढाइएको भन्दै आक्रोशित सुनिए ।

बैठकपछि आफैंले तय गरेको पत्रकार सम्मेलनमा अदालतको फैसलाको सम्मान गर्छु भनिरहेका लामिछानेले आफ्नो नागरिकतामाथि प्रश्न उठाउनेहरुमाथि टिप्पणी गर्न उनले करिब दुई घण्टा खर्चिए । नेपालीसँगै हिन्दी र अंग्रेजी भाषामा समेत आफ्नो आक्रोश पोखेका उनले सञ्चारमाध्यमले अदालतलाई प्रभावित पारेको आरोप लगाउँदै उनले आफ्नो पदमुक्तिसँग सोझो साइनो नदेखिएको भारत र त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीलाई पनि सम्बोधन गर्न पुगे ।

आफू कमजोर नभएको ठोकुवा गरिरहेका उनले गृहमन्त्रालय आफ्नो भागमा पर्दा स्वार्थ बाझिएको भन्दै आफूमाथि निरन्तर प्रहार गरिएको दाबी गरे ।



टेलिभिजनमा 'सिधा कुरा जनतासँग' कार्यक्रम चलाएर चर्चामा आएका लामिछानेले आफूले तय गरेको विशेष पत्रकार सम्मेलनलाई 'कोणसभा' जस्तो बनाएका थिए । लामिछानेका हरेक पन्चलाइनलाई कार्यालय परिसरमा रहेका उनका समर्थक ताली बजाएर स्वागत गर्थे । कार्यकर्ताको हुटिङले हौसिंदै उनले पत्रकारलाई नै प्रतिप्रश्न गरे, 'लखेटी लखेटी मलाई उपप्रधान गृहमन्त्री बनाउनुभयो, अब के बनाउनुहुन्छ ?'

'प्रधानमन्त्री,' कार्यकर्ताले हौसिंदै जवाफ दिए । दुवै हात फैलाउँदै लामिछानेले कार्यकर्ताको प्रस्ताव ग्रहण गरेका थिए । ४ मंसिरको चुनाव अगाडि उनी देश दौडाहाका क्रममा आफूलाई भावी प्रधानमन्त्रीका रुपमा 'प्रोजेक्ट' गरिरहेका थिए ।

'नोट डाउन गर्नुहोस' भन्दै जंगिएका लामिछानेले आफूले गृहमन्त्रीमा दाबी गरेर 'लाज'को राजनीति नगरेको बताए ।

उपप्रधानमन्त्री, सांसद, मन्त्री सबै पद गुमेपछि आफू आक्रोशित भएको स्वीकारिरहेका लामिछानेले 'म मुडमा छु हैं' भन्दै सञ्चार माध्यम र विभिन्न पेशामा रहेका व्यक्तिको निजी जीवनमा प्रवेश गर्दै लाञ्छना पनि लगाए ।

'मन्त्री पद गुमेको झोंकमा यो झोंक्किएछ भन्ने लाग्यो होला तपाईंलाई,' लामिछानेले भने, 'अलि अलि त हो, मन्त्री, सांसद सबै गुमेपछि रिस उठ्या छ, कम रिस उठ्छ ?'

'रिस उठेको छ' भन्दै सार्वजनिक जीवनमा रहेका व्यक्तिमाथि लाञ्छना लगाइरहेका लामिछाने राष्ट्रिय दलको मान्यता पाएका पार्टीका सभापति हुन् । केही दिन अगाडिसम्म उपप्रधानमन्त्री तथा गृहमन्त्री रहेका लामिछानेको भाषा र बोलीले तत्काललाई उनको 'मुड' फ्रेस देखिए पनि पार्टीभित्रका कतिपय सांसद र केन्द्रीय नेता भने विस्मित देखिएका छन् ।

'उहाँले उठाएका कतिपय विषय पक्कै छलफलयोग्य होलान्, तर आज जुनस्तरको भाषा प्रयोग भयो, त्यसले त्यति मिठो फिलिङ दिएन', एक केन्द्रीय सदस्यले भने ।

सरकारबाट बाहिरिए पनि रास्वपाले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन ।


बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पुरानो गठबन्धन ब्यूँताउन माओवादी फकाएर एमालेलाई घेर्दै कांग्रेस



**खबर दर्पण समाचारदाता**

**माघ २२ गते, काठमाडौं**

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रलाई फकाउने रणनीतिमा लागेको छ।

पुस १० गतेसम्म तत्कालीन सत्ता गठबन्धनमै रहेको माओवादीलाई पुरानै अवस्थमा फर्काउन जुटेको कांग्रेस संसदको दोस्रो ठूलो दल नेकपा एमालेलाई भने चिढ्याउने रणनीतिसहित अघि बढेको छ।

कांग्रेसले गत पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिएर पुस १० गते भत्किएको आफू नेतृत्वको ५ दलीय सत्ता गठबन्धनलाई ब्युँताउने प्रयासस्वरुप माओवादी फकाउने र एमाले चिढ्याउने रणनीति बनाएको हो।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा केन्द्रीय सदस्यत्रय प्रकाशमान सिंह, अर्जुननरसिंह केसी र प्रदीप पौडेलको फरक मतबीच प्रचण्डलाई विश्वासको मत दिएको कांग्रेसले राष्ट्रियसभा उपाध्यक्षमा माओवादीविरुद्ध उम्मेदवारी नै नदिने भएको छ।

सत्ता गठबन्धनले राष्ट्रिय सभा उपाध्यक्षको उम्मेदवारमा माओवादी नेतृ उर्मिला अर्याललाई अघि सारेको छ। कांग्रेसको उम्मेदवारी नपर्ने भएपछि अब अर्याल निर्विरोध हुने करिब निश्चित जस्तै छ।

सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा आइतबार बिहान बसेको कांग्रेस संसदीय दल कार्यसमिति बैठकले उम्मेदवारी नदिने निर्णय गरेर एमालेलाई थप चिढ्याउने प्रयास गरेको छ।

गत पुस १० गते भत्किएको तत्कालीन पाँच दलीय गठबन्धन ब्युँताउने प्रयासमा रहेको कांग्रेसले आसन्न राष्ट्रपति निर्वाचनमा माओवादी समर्थन लिने प्रयास गरि रहेको छ।

यही प्रयासस्वरुप कांग्रेसले माओवादीले उम्मेदवारी दिएका संघदेखि प्रदेशसम्मका विभिन्न पदहरुमा समर्थन गरिरहेको र ाजनीतिक वृत्तमा चर्चा छ।

प्रधानमन्त्री प्रचण्डबाट राष्ट्रपति निर्वाचन (फागुन २५) मा साथ पाउने आश्वासन पाएको कांग्रेसले बागमतीसहितका प्रदेशहरुमा माओवादीका तर्फबाट सत्ता गठबन्धनका मुख्यमन्त्रीहरुलाई विश्वासको मत दिएको थियो।

कांग्रेसले सत्ता गठबन्धनका तर्फबाट एमालेले अघि सारेका उम्मेदवारहरुविरुद्ध भने चुनौती दिएर एमाले र माओवादीबीच फाटो ल्याउने प्रयास गरिरहेको छ। एमाले र माओवादीबीच फाटो ल्याउनकै लागि कांग्रेसले सत्ता गठबन्धन स्पष्ट बहुमतमा रहे पनि एमाले उम्मेदवार देवराज घिमिरेविरुद्ध सभामुखमा उम्मेदवारी दिएको थियो।

कांग्रेसले प्रतिपक्षी नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र र ाष्ट्रिय जनमोर्चाको समर्थनमा समानुपातिकतर्फका प्रतिनिधिसभा सदस्य ईश्वरी न्यौपानेलाई सभामुखको उम्मेदवार बनाएको थियो।

सभामुखमा एमालेले झापा क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यमा घिमिरेलाई सत्ता गठबन्धनबाट अघि सारेको थियो। उनी सभामुखमा निर्वाचित भइसकेका छन्। त्यस्तै कांग्रेसले प्रतिनिधिसभा उपसभामुखम पनि उम्मेदवारी दियो। राष्ट्रिय स्वतन्त्र पार्टीकी समानुपातिक सांसद इन्दिर ा राना मगरविरुद्ध कांग्रेसले समानुपातिककै सांसद मुक्ताकुमार ी यादवलाई उठाएको थियो। जहाँ एमालेको समेत साथ पाएकी मगर विजयी भइन्।


## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**भूमिगत जलश्रोत सिंचाई आयोजना, जलेश्वर, महोत्तरी**



## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**कमला नदी नियन्त्रण आयोजना , जनकपुर**


# रास्वपा ४२ दिनमै सरकारबाट बाहिरियो



**खबर दर्पण समाचारदाता**

**माघ २२ गते, काठमाडौं**

सरकारमा सहभागी भएको ४२ औं दिनमा राष्ट्रिय स्वतन्त्र पार्टी (र ास्वपा) बाहिरिएको छ । आइतबार साँझ रास्वपाका मन्त्रीद्वय डीपी अर्याल र शिशिर खनाल तथा र ाज्यमन्त्री तोसिमा कार्कीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर राजीनामा पत्र बुझाएका छन् ।

आइतबार दिउँसो पार्टी कार्यालय, बसुन्धरामा बसेको रास्वपा केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले समर्थन जारी राख्ने, तर सरकार छाड्ने निर्णय गरेको थियो ।

नेताहरुका अनुसार सरकार छाड्ने निर्णयमा पुग्नुको मुख्य कारण गृह मन्त्रालय नदिनु नै हो । तर प्रधानमन्त्री प्रचण्डलाई २६ पुसमा नेपाली कांग्रेसले विश्वासको मत दिएसँगै गठबन्धनमा खटपट सुरु भइसकेको थियो र त्यसको मारमा आफूहरु पर्न थालेको रास्वपाका नेताहरु बताउँछन् ।

१० पुसको विहानसम्म पनि कांग्रेस सभापति शेरबहादुर देउवा आफूलाई प्रधानमन्त्री बनाउन तयार नभएपछि प्रचण्डले गठबन्धन बदलेका थिए । र उनलाई प्रधानमन्त्री बनाउन संसदमा २० सिट भएको रास्वपा 'निर्णायक' बनेको थियो । त्यही कार ण ११ पुसमा ७ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दा प्रधानमन्त्री प्रचण्डले रास्वपाका सभापति रवि लामिछाने उपप्रधानमन्त्री तथा गृहमन्त्री बनाएका थिए ।

तर प्रधानमन्त्रीले विश्वासको मत लिने दिनसम्म पुग्दा नपुग्दै गठबन्धनमा खटपट सुरु भइसकेको थियो । संसदको पहिलो बैठकमै एमाले अध्यक्ष केपी शर्मा ओलीले विगतमा आफूले गरेको प्रतिनिधिसभा विघटन सही थियो भन्दै बचाउ गरे भने प्रधानमन्त्री प्रचण्डले फरक मत राखे । भोलिपल्ट कांग्रेसले विश्वासको मत दिएपछि सत्ता गठबन्धनमा एकअर्काप्रति अशंका झन् बढ्यो ।

त्यसले मारमा आफूहरु परेको र ास्वपाका नेताहरु बताउँछन् । उनीहरुका अनुसार रास्वपालाई ४ मन्त्रालय दिने सहमति भएको थियो । तर सुरुमा मन्त्रीहरुको नियुक्तिमा आनाकानी भयो, बल्ल बल्ल मन्त्रिपरिषद् विस्तार हुँदा पनि र ास्वपाले ३ मन्त्री र एक राज्यमन्त्री मात्र पायो । रास्वपाका एक सांसद भन्छन्, 'राष्ट्रिय योजना आयोगको नियुक्तिमा हामीसँग कुनै सल्लाह भएन । हामीले जिम्मेवारी पाएको मन्त्रालय मातहतका नियुक्तिमा समेत हस्तक्षेप हुन थाल्यो ।'

त्यही बेला (१३ माघमा) नागरिकता विवादसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले सांसद पद खारेज गरि दिएपछि रवि उपप्रधानमन्त्री तथा गृहमन्त्रीबाट पदमुक्त भए । दुई दिनपछि पुनः नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् ।

उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसक्ने बताए । 'उच्चस्तरीय र ाजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्न थाल्नुभयो ।'

त्यसै पनि हतारिएर सरकारमा गएको भन्दै पार्टीमा सानै स्वरमा भए पनि असन्तुष्टि थियो । रास्वपा नेताहरुका अनुसार बढ्दो अविश्वासका कारण सत्तारुढ गठबन्धन कुन बेला भत्किने हो भन्ने टुंगो छैन । त्यसमाथि दुई ठूला दल एमाले र माओवादीको झगडामा आफूहरु पेलिँदै जाने देखेको नेताहरु बताउँछन् । एमाले अध्यक्ष ओलीले सार्वजनिक रुपमा आफूहरुप्रति देखाएको जस्तो माया सत्ता गठबन्धनका बैठक तथा छलफलमा नपाएको नेताहरुको गुनासो छ ।

'सरकारमा गएको २०/२२ दिनमै काम गर्न सकिन्छ कि सकिन्न भन्ने त निष्कर्षमा पुग्न सकिन्न । तर हाम्रा मन्त्रीहरुले सिंहदरबार सोचेको जस्तो रहेनछ भन्न थालिसक्नुभएको थियो', रास्वपाका एक केन्द्रीय सदस्य भन्छन्, 'हिजोको सहमतिअनुसार गृह मन्त्रालय पनि नदिने भनेपछि बस्नु हुन्न भन्नेमा पुग्यौं ।'

पार्टीको निर्णयसँगै शिक्षामन्त्रीबाट राजीनामा दिएका रास्वपा सांसद शिखर खनाल जुन सहमतिका साथ सरकारमा गएको हो, त्यसमा बिचलन आउन थालेको महसुस भएको बताउँछन् । उनले अघि भने, 'ठूलो पार्टीहरुबीचको शक्ति संघर्ष पनि छँदैछ । यस्तो बेला हाम्रो कारणले राजनीतिक कोर्स नयाँ ढंगले अगाडि बढ्ने अवस्था नबनोस् भन्ने सुझबुझका साथ निर्णय लिएका हौं ।'

नेताहरूका अनुसार शनिबार साँझ भएको छलफलमा पार्टीका सबै नेताहरु सरकार छाड्ने मनस्थितिमा पुगेका थिए । आइतबार समर्थन समेत फिर्ता लिने कि सरकार मात्र छाड्ने भन्ने छलफल भयो । समर्थन पनि फिर्ता लिँदा गठबन्धन भत्काएको अपजस आउने भएपछि सरकार मात्र छाड्ने निर्णय गरेको नेताहरु बताउँछन् ।

सांसद मनिष झा पनि सरकार छाड्ने, तर समर्थन कायमै राख्ने निर्णय रणनीतिक भएको स्वीकार गर्छन् । उनी भन्छन्, 'हामीले मैत्रीपूर्ण टेबल टेनिस खेलिरहेका थियौं । उहाँहरुले त चेस खेल्न थाल्नुभएपछि हामीले पनि चेस नै खेल्ने निर्णय गरेका हौं ।'

**डेढ महिनामै सत्तामा फुट**

रास्वपाले सरकार छाडेसँगै १० पुसमा बनेको सत्ता गठबन्धनमा फुट आएको छ । भलै रास्वपाले समर्थन कायमै राखेका कारण प्रधानमन्त्री प्रचण्डले संसदमा फेरि विश्वासको मत लिनु पर्दैन । तर पहिलो चुनावमै १९ सिट (रवि पदमुक्त भएपछि) भएको संसदको चौथो दलले सरकारमा सहभागी भएको डेढ महिनामै सरकार छाड्नु उनका लागि सकारात्मक होइन ।

प्रचण्डले भने फेरि रास्वपासँग सम्वाद गर्ने बताएका छन् । 'सत्ता साझेदारबीचको एकतालाई त जसरी पनि बचाउनुपर्छ भन्ने नै हो मेरो' आइतबार संघीय संसद भवनमा पत्रकारहरुसँग प्रचण्डले भने, 'अदालतको निर्णयपछि पक्कै पनि उहाँहरु (रास्वपा)लाई अलि असहज त भएकै थियो । अब उहाँसँग (रवि लामिछानेसँग) फेरि भेटेर कुरा गर्छु ।'

माओवादी नेताहरु भने हतार नगर्ने बताउँछन् । उनीहरुका अनुसार अहिले रास्वपाले छाडेका मन्त्रालयहरुमा जनता समाजवादी र एकीकृत समाजवादीलाई ल्याउने विकल्प खुला छ । तर राजनीतिक परिस्थितिलाई हेरेर राष्ट्रपति निर्वाचनसम्म पर्खिने सम्भावना रहेको माओवादीका एक पदाधिकार ीले बताए ।

# पाँच पैसाबाट चलेको बाल विद्यामन्दिर निरन्तर




**धीरेन्द्रप्रसाद साह**

**माघ २२ गते, जनकपुर**

रुपियाँ होइन, पैसाको सहयोगले विद्यालय चलेको सुन्दा आश्चर्य लाग्न सक्छ। पाँच पैसाको सहयोगबाट चलेको विद्यालयमा अहिले चार जना स्थायी दरबन्दीमा शिक्षक कार्यरत छन्।

जनकपुरधाम उपमहानगरपालिका-४ स्थित स्थापना भएको एक विद्यालयका शिक्षकलाई पाँच पैसाको सहयोगबाट तलब दिने गरेको थियो। २०३३ सालमा स्थापित बाल विद्यामन्दिरमा पढाउने तत्कालीन शिक्षकलाई उक्त पैसाको तलब दिन पुग्थ्यो। धनुषा जिल्लामा त्यतिबेला बिक्री भएको पेट्रोलको प्रतिलिटरबाट पाँच पैसा बाल विद्यामन्दिरको नाममा जम्मा गरिन्थ्यो। प्रधानाध्यापक श्याम साहले भन्नुभयो, यसरी जम्मा भएको पैसाबाट शिक्षकलाई मासिक तलब दिने गरिन्थ्यो।

त्यसबेला एक/दुई जना शिक्षक हुनुहुन्थ्यो। तीन कट्ठा क्षेत्रफलमा स्थापना गरिएको बाल विद्यामन्दिरमा पठनपाठनका लागि दानवीर दम्पति जनकपुरधाम निवासी महावीर साह र देवकुमारी साहले भवन बनाएको प्रअ साहले जानकारी दिनुभयो।

केही वर्षअघि करिब दुई वर्षसम्म जिल्ला प्रशासन कार्यालयमा नागरिकता बनाउन आउने सेवाग्राहीलाई बाल विद्यामन्दिरलाई सहयोगार्थ पाँच रुपियाँको रसिद काट्नु पर्ने अनिवार्य गरिएको थियो। नागरिकताबाट उठेको रकमबाट पनि विद्यालय सञ्चालन, व्यवस्थापनमा सहयोग पुगेको थियो।

बाल विद्यामन्दिरको नाम परिवर्तन गरेर आधारभूत विद्यालय बाल मन्दिर नामाकरण गरिएको छ। यस विद्यालयको स्थापनाकालदेखि यता धेरै वर्षसम्म शिक्षण सिकाइ राम्रो थियो।

पछिल्ला वर्षहरूमा विद्यालयको शैक्षिक अवस्था खस्किएको भए पनि गत वर्षदेखि सुधार हुँदै गएको छ। विद्यार्थीको सङ्ख्या पनि निकै कम भएको अभिभावक रामभरत साहले बताउनुभयो। उहाँले भन्नुभयो, पछिल्लो एक वर्ष यता विद्यालयको अवस्था सुध्रिएर गएको छ, अहिले विद्यार्थी पनि नियमित आउन थालेका छन्।

यस विद्यालयमा निमावि तहका एक जना प्रधानाध्यापक, प्राथमिक तहका तीन जना शिक्षक गरी चार जना स्थायी दरबन्दीमा कार्यरत छन्। बालविकासमा दुई जना शिक्षिका, स्वयंसेवक शिक्षक दुई जना र एक जना परिचर छन्।

प्रधानाध्यपक साहले विद्यालयमा कुल २७५ जना बालबालिका अध्ययनरत रहेको जानकारी दिनुभयो। विद्यालयमा छात्रा १४५ जना र छात्र १३० गरी जम्मा २७५ विद्यार्थीमध्ये दलित छात्रा ६२ र छात्र ५६ गरी ११८ छन्। कुल विद्यार्थीमध्ये कक्षामा दैनिक औसतमा १५०/२०० जना विद्यार्थी उपस्थित हुने गरेको उहाँले बताउनुभयो।

पछिल्लो समय शिक्षण कार्य, कक्षा व्यवस्थापनमा सुधार भएको कारण विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको उहाँले दाबी गर्नुभयो। कक्षा १ देखि ७ सम्म सञ्चालनमा रहेको उक्त विद्यालयमा अहिले विद्यालय व्यवस्थापन समिति गठन भएको छैन।

विद्यालयको स्थापना कालदेखि हालसम्म कार्यालय सहयोगीका रूपमा कार्यरत कृष्णबहादुर लामाले सुरुका केही वर्ष निःशुल्क काम गरेपछि २०४२ सालमा नियुक्ती पाएको बताउनुभयो। सुरुका वर्षमा मासिक पाँच सय रुपियाँ तलब पाउने गरेको उहाँले अहिले मासिक १५ हजार रुपियाँ तलब पाइरख्नुभएको छ।

पेट्रोलबाट आउने गरेको पाँच पैसा आर्थिक सहयोग २०४७ साल यता उक्त सहयोग बन्द भएको अनुमान गरिएको छ। विद्यालयलाई पेट्रोल र नागरिकताबाट भइरहेको आर्थिक आम्दानी बन्द भएको छ। विद्यालय भवन विद्यालय समयभन्दा अगाडि एक क्याम्पसलाई १७ वटा कक्षा कोठा भाडामा दिइएको छ। उक्त भाडाको आम्दानीबाट शिक्षक र अन्य कर्मचारीलाई तलब दिने गरिएको छ।

# स्वतन्त्र जितेका सांसद कलवार जसपामा प्रवेश



**बारा** / बाराबाट निर्वाचित स्वतन्त्र प्रदेशसभा सदस्य शारदा शंकर कलवार जनता समाजवादी पार्टी (जसपा) प्रवेश गरेका छन् ।

बारा २ (१) बाट जितेका कलवारलाई मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादव र जसपाका विराटनगर महानगरपालिका अध्यक्ष अमरेन्द्र यादवले पार्टी प्रवेश गराएका हुन् ।

उनी बारा क्षेत्र नं २ (१) बाट ९ हजार २९५ मत प्राप्त गरी एमालेका बलवीर भुजेललाई पराजित गर्दै विजय भएका थिए ।

यसअघि महोत्तरी २ (२) बाट चुनाव जितेका स्वतन्त्र सांसद सुरिता साह र पर्सा क्षेत्र नम्बर ३(१) का प्रमोद कुमार जैसवालले जसपामा प्रवेश गरेका थिए । यो सँगै जसपाको मधेश प्रदेशमा १९ सांसद पुगेको छ ।

# मैथिली विकास कोषको अध्यक्षमा पुनः चौधरी चयन



**खबर दर्पण समाचारदाता**

**माघ २२ गते, जनकपुर**

मैथिली विकास कोषको अध्यक्षमा पुनःजीवनाथ चौधरी चयन भएका छन्। जनकपुरधाममा सम्पन्न कोषको साधारण सभाद्वारा आगामी कार्यकालका लागि अध्यक्ष पदमा चौधरीलाई चौथोपटक सर्वसम्मत चयन गरिएको छ।

यसअघि तिन कार्यकाल सम्हालेका चौधरी चौथो कार्यकालका लागि जिम्मेवारी बहन गर्ने भएका छन्। प्रत्येक ३/३ वर्षमा हुने नयाँ कार्यसमितिको लागि यसअघि नै ९ वर्षको तिन कार्यकाल सम्हालेका चौधरी चौथो कार्यकालका लागि फेरि चयन भएका छन्।

सर्वसम्मतिबाट भएको नयाँ कार्यसमितिको सदस्य सचिवमा साहित्यकार श्याम सुन्दर शशी चयन भएका छन्।

कोषको सदस्यहरुमा सुनिल मल्लिक, नविनकुमार मिश्र, नित्यानन्द मण्डल, सुजितकुमार झा, पूनम झा मैथिली, अनिता रानी मण्डल, परमेश झा, विष्णुकान्त मिश्र, रामचन्द्र दास, पंकजमहतो, मनमोहन साह, प्रमोद चौधरी र चयन भएका छन्।

कार्यसमितिका एक जना सदस्यपछि मनोनित गरिने अध्यक्ष चौधरीले जानकारी दिए। कोषले प्रत्येक २ वर्ष माजनकपुर साहित्य कला महोत्सव, पुस्तक प्रकाशन, प्रत्येक वर्ष ५१०००/५१००० को दूई जना साहित्यकारलाई पुरस्कार वितरण लगायत कथा गोष्ठी, कवि गोष्ठी, अंतरक्रिया आदि कार्यक्रम गर्दै आएको छ।

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

औरही नगरपालिका, महोत्तरी

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**क्षीरेश्वरनाथ नगरपालिका**

**महेन्द्रनगर, धनुषा**

## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा